वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक








## बाल स्वास्थ्य प्रवर्द्धनमा स्वर्णविन्दु प्राशन

प्रदेश आयुर्वेद चिकित्सालय, दमौलीमा मंगलबार बिहान बालबालिकाको स्वास्थ्य प्रवर्द्धन गर्ने उद्देश्यले गरिएको स्वर्णविन्दु प्राशन कार्यक्रम बालबालिका लिएर आएका अभिभावकहरूको लाइन् । आयुर्वेदिक मान्यताअनुसार बालबालिकाको शारीरिक तथा मानसिक विकास, पाचनशक्ति तथा रोग प्रतिरोधात्मक क्षमता प्रवर्द्धन गर्ने उद्देश्यले स्वर्णविन्दु प्राशन गराउने गरिएको चिकित्सालयले जनाएको छ । कार्यक्रममा बालबालिकालाई स्वर्णविन्दु प्राशन गराउनुका साथै अभिभावकलाई बाल स्वास्थ्य, खानपान तथा आयुर्वेदिक उपचार पद्धतिका विषयमा जानकारीसमेत दिइएको थियो ।

*तस्विर : अश्विन किशोर श्रेष्ठ/भञ्ज्याङ*

# हिमाली विपद्को बदलिंदो जोखिम : रसुवा बाढीबाट सिक्नुपर्ने पाठ

**सुवास दर्नाल**/सोलुखुम्बु

रसुवाको हिमाली क्षेत्रमा गत भदौ १० गते आएको आकस्मिक बाढीले हिमाली जिल्लामा विपद्को जोखिम र त्यसको पूर्वानुमान तथा व्यवस्थापनमा थप सजग हुनुपर्ने सन्देश दिएको छ । यस घटनाले हिमताल विस्फोट मात्रै नभई हिमपहिरो, पहिरो, चट्टान खस्ने, नदी थुनिने तथा अत्यधिक वर्षाजस्ता कारणबाट पनि हिमाली क्षेत्रमा एक्कासि ठूलो विपद् निम्त्याउन सक्ने देखाएको छ ।



सगरमाथाको जिल्ला सोलुखुम्बु पनि यस्ता जोखिमबाट अछुतो छैन। जिल्लाको खुम्बु क्षेत्रमा विगतमा हिमताल विस्फोट तथा त्यसबाट उत्पन्न बाढीका घटना भइसकेका छन् । सन् १९८५ मा डिग छो हिमताल विस्फोटबाट आएको बाढीले मानवीय तथा भौतिक क्षति पुऱ्याएको थियो भने सन् १९९८ मा ताम पोखरीमा पनि हिमताल विस्फोट भएको थियो । अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)का अध्ययनले डिग छो र ताम पोखरीलाई दूधकोशी जलाधारमा विगतमा हिमताल विस्फोट भएका महत्वपूर्ण उदाहरणका रूपमा अभिलेख गरेको छ ।

त्यसपछि २०८१ साउन ३२ गते खुम्बु पासाङल्हामु गाउँपालिका-५ स्थित थामे खोलामा आएको बाढीले सोलुखुम्बुको हिमाली भूभागमा विपद्को जोखिम कति गम्भीर छ भन्ने पुनः देखायो। जल तथा मौसम विज्ञान विभागका अनुसार सन् २०२४ अगस्त १६ मा थामे खोलामा आएको बाढी दुई आपसमा जोडिएका हिमतालमध्ये माथिल्लो तालमा गएको सानो पहिरोका कारण तल्लो तालमा पानीको बहाव बढेर ताल फुटेको हुनसक्ने प्रारम्भिक अध्ययनले देखाएको थियो । विभागका अनुसार घटनापछि थामे देखि ओखलढुङ्गासम्मका तल्लो तटीय क्षेत्रमा करिब एक लाख ४२ हजार मानिसलाई मोबाइलमार्फत पूर्वसूचना सन्देश पठाइएको थियो।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड)को पछिल्लो अध्ययनले भने थामे घटनालाई अझ जटिल भौगोलिक प्रक्रियाको परिणामका रूपमा व्याख्या गरेको छ । अध्ययनअनुसार करिब चार हजार नौ सय मिटर उचाइमा चट्टानी पहिरो हिमतालमा खस्दा ठूलो छाल उत्पन्न भएको र त्यसपछि तालको बाँध भत्किँदा करिब एक लाख ५६ हजार घनमिटर पानी बाहिरिएको थियो। इसिमोडले सगरमाथा क्षेत्रलाई हिमनदी तथा हिमतालसँग सम्बन्धित विपद्को दृष्टिले संवेदनशील क्षेत्रका रूपमा उल्लेख गर्दै जोखिम न्यूनीकरण र पूर्वतयारीलाई प्राथमिकता दिनुपर्ने बताएको छ ।

यस दृष्टिले रसुवाको पछिल्लो बाढी सोलुखुम्बुका लागि पनि एउटा महत्त्वपूर्ण चेतावनी बनेको सगरमाथा प्रदुषण नियन्त्रण समिति (एसपीसीसी)का अध्यक्ष लामाकाजी शेर्पाको भनाइ छ । हिमाली क्षेत्रमा विपद्को स्वरूप परिवर्तन हुँदै गएको अवस्थामा जोखिमयुक्त क्षेत्रको पहिचान, नियमित निगरानी, पूर्वसूचना प्रणाली र स्थानीय समुदायको तयारीलाई थप प्रभावकारी बनाउनुपर्ने देखिएको छ ।

### सोलुखुम्बुमा हिमतालको अवस्था

सोलुखुम्बु हिमनदी तथा हिमतालका दृष्टिले नेपालको महत्त्वपूर्ण हिमाली जिल्ला हो । राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको प्रतिवेदन २०२४ मा नेपालका हिमनदी तथा हिमतालको तथ्यांक समेटिएको छ । उक्त प्रकाशनमा सोलुखुम्बुसँग सम्बन्धित सम्भावित खतरनाक हिमतालको विवरण राख्दा सन् २०१० को राष्ट्रिय अनुकूलन कार्यक्रमलाई स्रोतका रूपमा प्रयोग गरिएको छ।

सरकारी अभिलेखमा लुम्दिङ छो, डिग छो, इम्जा छो, तामपोखरी, दूधपोखरी, हुङ्कु, इस्ट हुङ्कुका विभिन्न ताल, वेस्ट चाम्जाङ तथा केही नाम नदिइएका ताल लगायतका हिमताल सूचीकृत छन् । उक्त अभिलेखमा सोलुखुम्बुका १२ वटा हिमतालको नाम प्रविष्टि देखिन्छ। तर हिमतालको जोखिमसम्बन्धी तथ्यांकलाई समयसँगै अद्यावधिक गर्नुपर्ने आवश्यकता देखिन्छ । नेपालमा रहेका २१ वटा सम्भावित खतरनाक हिमतालमध्ये नौवटा दूधकोशी उपजलाधारमा रहेको

*बाँकी तेश्रो पेजमा*

# तनहुँ कारागारबाट भागेका ३८ कैदीबन्दी अझै फरार

**भञ्ज्याङ समाचारदाता**/दमौली

गतवर्ष भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनका क्रममा तनहुँ कारागारबाट भागेका कैदीबन्दीमध्ये ३८ जना अझै फरार छन् । आन्दोलनका क्रममा भदौ २४ गते एकैदिन तनहुँ कारागारबाट ३२६ जना कैदीबन्दी बाहिरिएका थिए । घटनालगत्तै सुरक्षा निकायले खोजी तथा नियन्त्रण अभियान तीव्र बनाएपछि अधिकांशलाई पुनः नियन्त्रणमा लिए पनि ३८ जना भने हालसम्म सम्पर्कमा नआएको कारागार प्रशासनले जनाएको छ।

तनहुँ कारागारका प्रमुख सुवास केसीका अनुसार फरार कैदीबन्दीको खोजीका लागि प्रहरीका विभिन्न टोली परिचालन भइरहेका छन्। "घटनालगत्तै व्यापक खोजी सुरू गरिएको थियो। अधिकांशलाई पुनः नियन्त्रणमा लिन सफल भए पनि ३८ जना अझै सम्पर्कमा आएका छैनन्", उनले भने, "फरार भएकाको खोजीलाई थप तीव्र बनाइएको छ।"

कारागार प्रशासनका अनुसार फरार भएकामध्ये केही विभिन्न गम्भीर आपराधिक मुद्दामा सजाय भोगिरहेका कैदीबन्दीसमेत छन्। उनीहरूको खोजीका लागि तनहुँका विभिन्न स्थानसँगै छिमेकी जिल्लाका सुरक्षा निकायसँग समन्वय गरिएको कारागार प्रमुख केसीले बताए ।

जेनजी आन्दोलनका क्रममा प्रदर्शनकारीले तनहुँ कारागारको कार्यालय भवनमा समेत तोडफोड गरेका थिए । कार्यालयमा रहेका कागजात जलाइनुका साथै कारागारको सुरक्षा व्यवस्थासमेत प्रभावित भएपछि ठूलो संख्यामा कैदीबन्दी कारागारबाट बाहिरिएका थिए ।

एक वर्ष बितिसक्दा पनि ३८ जना कैदीबन्दी नियन्त्रणमा आउन नसक्नुले त्यसबेलाको सुरक्षा व्यवस्थाको कमजोरीसँगै फरार कैदीबन्दीको खोजीमा राज्य संयन्त्रको प्रभावकारितामाथि पनि प्रश्न उठाएको छ । कारागार प्रशासनका अनुसार तनहुँ कारागारमा हाल ३०४ जना कैदीबन्दी रहेका छन् ।

पत्रिका नआइपुगे, ग्राहक बन्नु परेमा तथा विज्ञापन प्रकाशित गर्नु परेमा ।
सम्पर्क : ०६५-५६३९०७
www.bhanjyangnews.com
E-mail : bhanjyangdml@gmail.com

# सम्पादकीय ............

www.bhanjyangnews.com

## एक वर्षपछि जेनजीको ऐना

एक वर्षअघि आजकै दिन अर्थात् २०८२ भदौ २३ गते जेनजी पुस्ता सडकमा उत्रिँदा २४ घण्टाभित्रै देशको राजनीतिक परिदृश्य यति ठूलो रूपमा बदलिन्छ भन्ने सायदै कसैले सोचेको थियो । शान्तिपूर्ण रूपमा सुरु भएको आन्दोलनमाथि भएको सरकारी दमन, त्यस क्रममा युवाको ज्यान गएको घटना र त्यसपछि बढेको जनआक्रोशले मुलुकलाई असाधारण राजनीतिक मोडमा पुऱ्यायो । भदौ २४ गते आन्दोलनले उग्र रूप लियो । सरकारी कार्यालयदेखि राजनीतिक दलका कार्यालय र नेताका निवाससम्म आगजनी र तोडफोडका घटना भए । अन्ततः तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिनुपर्ने अवस्था आयो । यो घटनालाई केवल एउटा सरकार परिवर्तनको घटनाका रूपमा बुझ्नु पर्याप्त हुँदैन । यसले नेपाली समाजमा बढ्दै गएको असन्तोष, पुरानो राजनीतिक शैलीप्रतिको वितृष्णा र नयाँ पुस्ताको अपेक्षालाई सतहमा ल्यायो। जेनजी आन्दोलनले राजनीतिक नेतृत्वलाई एउटा गम्भीर सन्देश दिएको थियो– अब भाषणभन्दा परिणाम, आश्वासनभन्दा काम र शक्तिभन्दा जवाफदेहिता खोजिनेछ ।

एक वर्षपछि प्रश्न उठ्छ– त्यो आन्दोलनले खोजेको परिवर्तन कति आयो ? आन्दोलनपछि आएको परिवर्तनप्रति जनताको ठूलो हिस्सामा सकारात्मक अपेक्षा अझै जीवित रहेको संकेत गरेको पनि देखिन्छ । तर यहीँबाट सरकारका लागि अर्को गम्भीर प्रश्न पनि खडा भएर बसेको छ । परिवर्तनप्रति सन्तुष्टि हुनु र परिवर्तनको परिणामबाट पूर्ण रूपमा सन्तुष्ट हुनु एउटै कुरा होइन । जनताले नयाँ राजनीतिक शक्तिलाई अवसर दिएका छन् भने त्यसको अर्थ अब गल्ती गर्ने छुट पनि दिएका छन् भन्ने होइन । बरू अपेक्षा अझ बढेको छ । प्रधानमन्त्रीका रूपमा बालेन्द्र शाहप्रति पनि जनताको भरोसा कायमै रहेको देखिन्छ । सरकारको प्रारम्भिक पाँच महिनाको कार्यशैलीलाई पूर्णरूपमा समर्थन रहेको देखिदैन । सरकारले सुशासन, विकास र परिवर्तनको जनआकांक्षा पूरा गर्न सक्नेमा पनि जनता पूर्णरूपमा विश्वास गर्न सकिरहेका छैनन् । तर यसलाई लोकप्रियताको स्थायी प्रमाणपत्र ठान्नु भने गम्भीर भूल हुनेछ । किनकि जनताको भरोसा जित्नुभन्दा त्यसलाई कायम राख्नु कठिन हुन्छ । जेनजी आन्दोलनले जन्माएको राजनीतिक चेतना प्रश्न गर्ने चेतना हो । आज समर्थन गर्ने नागरिकले भोलि काम चित्त नबुझे प्रश्न गर्न सक्छन् । त्यसैले सरकारको वास्तविक परीक्षा सामाजिक सञ्जालको लोकप्रियता वा सर्वेक्षणको अंकमा होइन, नागरिकको दैनिक जीवनमा देखिने परिवर्तनमा हुनेछ ।

रोजगारी, शिक्षा, स्वास्थ्य, महँगी, सार्वजनिक सेवा, भ्रष्टाचार नियन्त्रण, प्रशासनिक सुधार र विकास निर्माणका क्षेत्रमा सरकारले कस्तो परिणाम दिन्छ भन्ने कुराले उसको भविष्य निर्धारण गर्नेछ । सरकार प्रति विभिन्न राजनीतिक दलहरूले पनि आ–आफ्ना धारणाहरू व्यक्त गर्न थालेका छन् । जनताले पुराना दलहरूलाई पनि खासै राम्रो मानेको देखिएको छैन । यसको अर्थ पुराना दलहरूका लागि खतरा टरेको छैन, बरू चुनौती अझ गम्भीर भएको छ । जनताले नयाँलाई अवसर दिएका छन् भन्दैमा नयाँ शक्तिले आफूलाई प्रश्नभन्दा माथि राख्न मिल्दैन । नयाँ राजनीतिक शक्तिले पनि पुरानै शैली, पुरानै अहंकार र पुरानै गल्ती दोहोऱ्यायो भने जनताको भरोसा धेरै समय टिक्दैन । जेनजी आन्दोलनको सबैभन्दा ठूलो उपलब्धि सरकार परिवर्तन मात्र होइन, राजनीतिमा नागरिकको प्रश्नलाई केन्द्रमा ल्याउनु हो । त्यसैले एक वर्षपछि हामीले उत्सव मनाउनेभन्दा आत्मसमीक्षा गर्ने बेला हो ।

आन्दोलनमा ज्यान गुमाएका युवाको सपना के थियो ? उनीहरूले खोजेको राज्य कस्तो थियो ? उनीहरूले चाहेको रोजगारी, न्याय, सुशासन र अवसरको अवस्था आज कस्तो छ ? यी प्रश्नको जवाफ राजनीतिक दल र सरकारले दिनुपर्छ । जनताको भरोसा कुनै दल वा व्यक्तिको निजी सम्पत्ति होइन । त्यो कामबाट कमाइन्छ र गलत निर्णयबाट गुम्छ । एक वर्षअघि सडकले परिवर्तनको माग गरेको थियो । आज त्यो परिवर्तनलाई परिणाममा बदल्ने जिम्मेवारी सरकारको काँधमा छ । जनताले दिएको विश्वासलाई अहंकारमा होइन, सेवामा बदल्न सकिए मात्र जेनजी आन्दोलनको वास्तविक अर्थ स्थापित हुनेछ । आन्दोलनले सत्ता बदल्न सक्छ, तर देश बदल्न निरन्तर सुशासन, इमानदार नेतृत्व र परिणाममुखी काम चाहिन्छ । अब सरकारको अगाडि यही वास्तविक परीक्षा छ।






# शोकमा शक्ति बनेर आऊ

देशमा प्राकृतिक विपद् आइपरेका बेला राष्ट्रिय शक्तिको एकता अनिवार्य हुन्छ। विपद् कुनै सरकारलाई मात्र आएको होइन, प्रतिपक्षलाई मात्र आएको होइन, यो सिङ्गो देशमाथि आएको संकट हो। त्यसैले यस्तो दुःखद् घडीमा सत्ता र प्रतिपक्ष, दल र विचार, संस्था र व्यक्तिभन्दा माथि उठेर राष्ट्रको पक्षमा उभिनु आवश्यक हुन्छ । आज देश शोकमा छ । धेरै परिवारले आफ्ना आफन्त गुमाएका छन्। कतिपय परिवारका सदस्य अझै बेपत्ता छन् । कतिपय घाइते भएर उपचाररत छन् । घरबार, सम्पत्ति र जीवनयापनका आधार गुमाएका परिवारको पीडा शब्दमा व्यक्त गर्न कठिन छ । यस्तो अवस्थामा चाडपर्व, उत्सव र व्यक्तिगत खुसीलाई थाती राखेर पीडितसँग ऐक्यबद्धता जनाउनु मानवीय कर्तव्य हो ।

यस दुःखद् घडीमा ज्यान गुमाउने सबैप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गरौँ। शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना प्रकट गरौँ। घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरौँ। बेपत्ताहरूको




खोजी तीव्र होस् र उनीहरु सकुशल भेटिऊन् भन्ने कामना गरौँ ।

यतिबेला जसले जहाँबाट जे सकिन्छ, त्यहीँबाट सहयोग गरिरहेका छन् । विपद्को घडीमा रातदिन नभनी उद्धार, राहत र खोजी कार्यमा खटिएका सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, स्वयंसेवक, सामाजिक संघसंस्था तथा सर्वसाधारण सबै धन्यवादका पात्र छन्। उनीहरूको योगदानको सम्मान गर्नु र आवश्यक सहयोग उपलब्ध गराउनु हाम्रो सामूहिक दायित्व हो ।

तर दुःखको कुरा, विपद्को यस्तो संवेदनशील घडीमा पनि अनावश्यक राजनीतिक विवाद र आरोप-प्रत्यारोप सुरू हुने गरेका छन् । राजनीति गर्नुपर्ने समय आउँछ। सरकारको आलोचना गर्नुपर्ने विषय पनि हुन्छन् । राज्यका कमजोरीमाथि प्रश्न उठाउनु लोकतन्त्रको स्वाभाविक प्रक्रिया हो। तर प्रश्न के हो भने–के प्रत्येक विषय उठाउने समय एउटै हुन्छ?

अहिले प्राथमिकता उद्धार हो, खोजी हो, उपचार हो र राहत हो। मानिसको जीवन बचाउने समय हो । त्यसैले काम गरिरहेकाहरूको मनोबल कमजोर हुने गरी अनावश्यक टीकाटिप्पणी गर्नु कसैको हितमा हुँदैन ।

यसको अर्थ सरकारका सबै काम सही छन् भन्ने होइन। राहत वितरणमा कमजोरी भए प्रश्न उठ्नुपर्छ। उद्धारमा ढिलाइ भए जवाफ मागिनुपर्छ । राज्यका संयन्त्रबीच समन्वयको अभाव देखिए त्यसको आलोचना हुनुपर्छ। तर आलोचना पनि रचनात्मक र जिम्मेवार हुनुपर्छ। संकट समाधान भएपछि कमजोरीको विस्तृत समीक्षा गर्न सकिन्छ। अहिले भने हातेमालो गरेर संकटबाट नागरिकलाई बाहिर निकाल्नु पहिलो प्राथमिकता हो।

यतिबेला 'ग्रिन आर्मी नेपाल'को विषयमा सामाजिक सञ्जालमा विभिन्न टीकाटिप्पणी भइरहेका छन् । उनीहरूको पोसाक, परिचालन र भूमिकाबारे प्रश्न उठाइएका छन्। प्रश्न उठाउनु आफैँमा गलत होइन। लोकतन्त्रमा कुनै पनि संस्था वा व्यक्तिमाथि प्रश्न गर्न पाइन्छ। तर प्रश्न उठाउने समय र शैलीले पनि अर्थ राख्छ ।

यदि ग्रिन आर्मीको परिचालन, स्वरूप वा पोसाकबारे गम्भीर प्रश्न छन् भने त्यसबारे शान्त समयमा बहस गरौँ । यसको कानुनी हैसियत के हो ? यसको आवश्यकता कति छ? राज्यले कसरी परिचालन गर्नुपर्छ ? पोसाकको स्वरूप कस्तो हुनुपर्छ ? यस्ता प्रश्नमा खुला र तथ्यपरक बहस आवश्यक छ। तर उद्धार र राहतमा खटिएको समयमा निरन्तर विवाद सिर्जना गरेर स्वयंसेवकको मनोबल गिराउनु उचित हुँदैन ।

ग्रिन आर्मीको उत्पत्ति, दर्ता, उद्देश्य र पोसाक निर्धारणका विषयमा विभिन्न विवरण सार्वजनिक भएका छन्। वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा युवा परिचालनसँग जोडिएको सामाजिक अभियानका रूपमा यसको विकास भएको बताइन्छ। यसको संस्थागत स्वरूप, सरकारी निकायसँगको सम्बन्ध र पोसाकसम्बन्धी विषयमा समेत सार्वजनिक रूपमा विभिन्न दाबी र प्रश्न उठिरहेका छन् । यी विषयमा आवश्यक परे सम्बन्धित निकायले स्पष्ट पार्नुपर्छ। तर अहिलेको मुख्य प्रश्न भने त्यो होइन।

**मुख्य प्रश्न हो–विपद्को घडीमा नागरिकको ज्यान कसरी जोगाउने?**

कुनै स्वयंसेवकले आफ्नो समय, श्रम र जोखिम मोलेर उद्धारमा योगदान गरिरहेको छ भने उसको कामलाई प्रोत्साहन गर्नुपर्छ। उसको काममा कमजोरी छ भने सुधारका लागि सुझाव दिनुपर्छ। तर निरूत्साहित पार्ने गरी आरोप-प्रत्यारोपमा उत्रिनु हुँदैन ।

हामीले 'कसले के गऱ्यो?' भनेर हिसाब खोज्नुभन्दा पहिले 'मैले के गर्न सक्छु ?' भनेर सोच्ने बेला हो। सहयोग गर्न सकिन्छ भने सहयोग गरौँ। आर्थिक सहयोग गर्न सकिन्छ भने गरौँ। श्रमदान गर्न सकिन्छ भने गरौँ। रक्तदान गर्न सकिन्छ भने गरौँ। सूचना प्रवाहमा सहयोग गर्न सकिन्छ भने गरौँ। केही गर्न सकिँदैन भने कम्तीमा राहत र उद्धारमा जुटेकाहरूको बाटो छेक्ने अनावश्यक टिप्पणी नगरौँ ।

नेपालमा सरकारी तथा गैरसरकारी संस्थाहरूको ठूलो सञ्जाल छ । विभिन्न गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु पनि विपद्का बेला सक्रिय हुने गरेका छन्। उनीहरूले कस्तो भूमिका निर्वाह गरिरहेका छन्, स्रोतसाधन कहाँ र कसरी परिचालन भइरहेको छ, राहत लक्षित समुदायसम्म पुगेको छ कि छैन– यी विषयमा नागरिक निगरानी आवश्यक छ । तर निगरानीको नाममा काम गरिरहेका सबैलाई एउटै दृष्टिले हेर्नु पनि न्यायसंगत हुँदैन ।

अहिलेको संकटले राज्य, नागरिक समाज र स्वयंसेवी संस्थाहरु सबैको परीक्षा लिइरहेको छ । यो परीक्षा केवल सरकारको होइन। हाम्रो सामाजिक चेतना, नागरिक जिम्मेवारी र राष्ट्रिय एकताको पनि परीक्षा हो ।

यही सन्दर्भमा प्रधानमन्त्री बालेन्द्र शाहले समेत विपद्को गम्भीरतालाई अन्तर्राष्ट्रिय तहमा उठाउन खोजेको विषयलाई सकारात्मक पहलका रूपमा लिन सकिन्छ । विपद्को कारण, प्रभाव र क्षतिको अन्तर्राष्ट्रिय आयाम छ भने त्यसलाई अन्तर्राष्ट्रिय समुदायसमक्ष तथ्यसहित प्रस्तुत गर्नु आवश्यक हुन्छ । तर त्यसका लागि पनि राष्ट्रिय तहमा साझा धारणा निर्माण गर्नुपर्छ।

यो विपद् केवल तत्कालीन उद्धार र राहतको विषय मात्र होइन । जलवायु परिवर्तन, हिमाली क्षेत्रमा बढ्दो तापक्रम, हिमताल तथा हिमनदीमा भइरहेको परिवर्तन र त्यसबाट उत्पन्न हुने जोखिमबारे नेपालले अन्तर्राष्ट्रिय मञ्चमा अझ बलियो आवाज उठाउनुपर्छ। विश्वका औद्योगिक तथा शक्तिशाली राष्ट्रहरूले उत्सर्जन घटाउने प्रतिबद्धता व्यवहारमा कति पूरा गरेका छन् भन्ने प्रश्न पनि उठाउनुपर्छ ।

नेपालजस्ता हिमाली मुलुकले जलवायु परिवर्तनको मूल्य असमान रूपमा चुकाइरहेका छन्। विश्वव्यापी तापक्रम

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
अतिथिका रूपमा सम्मान पाइनेछ। मन मिल्ने साथी भेटिनुका साथै प्रेम र मित्रताको बन्धन कसिनेछ।

**वृष**
आफ्ना कामबाट अरूले फाइदा उठाउने चेष्टा गर्नेछन्। खर्चिलो काम थाल्नाले बीचमा समस्या पर्न सक्छ।

**मिथुन**
प्रक्रिया नमिल्नाले काम दोहोर्याउनुपर्ने हुन सक्छ। बेसुरमा दिइएको वचनले अप्ठ्यारो पर्ला।

**कर्कट**
पुरानो समस्या सुल्झनेछन्। उपलब्धिले जीवनशैलीमा परिवर्तन आउनेछ। केही मात्रामा ऋणमोचन हुने सम्भावना छ।

**सिंह**
अवसरले उत्साह जगाउने देखिन्छ। केही घरायसी समस्याले पिरोल्न सक्छ। आफन्त टाढिन सक्छन्।

**कन्या**
अरूको बारेमा चासो राख्दा स्वयं समस्यामा परिएला। अध्ययन र व्यापारमा सामान्य प्रगति हुनेछ।

**तुला**
बलभन्दा बुद्धिको उपयोगले काम लिन सकिनेछ। मिहिनेतीहरूलाई सामान्य फाइदा भइरहनेछ।

**वृश्चिक**
दिन केही संघर्षमय रहने देखिन्छ। जिम्मेवारी थपिए पनि स्वास्थ्य कमजोर रहनाले काममा बाधा पुग्नेछ।

**धनु**
सोख र हडबडीले केही समस्या निम्त्याए पनि ज्ञान, कला र व्यक्तित्वमा निखारता आउने समय छ।

**मकर**
परिस्थिति केही कमजोर बन्न सक्छ। विवादास्पद कामको जिम्मेवारी आउनेछ भने खर्च पनि बढ्ने सम्भावना छ।

**कुम्भ**
कामको मेसो नमिल्दा केही अलमल हुनेछ। स्वास्थ्य कमजोर हुनाले अध्ययनमा सोचेको प्रगति नहुन सक्छ।

**मीन**
हडबडले काम बिग्रनेछ भने धैर्य एवं मिहिनेतले मात्र फाइदा उठाउन सकिनेछ। वादविवादमा अघि नसर्नुहोला।

# हिमाली विपद्को बदलिंदो ......

अध्ययनले देखाएको छ ।

दूधकोशी उपजलाधारका हिमतालबारे इसिमोडका विभिन्न अध्ययनले हिमनदीको पछाडि हट्ने क्रमसँगै केही हिमताल विस्तार हुँदै गएको देखाएका छन् । सन् २००९ मा प्रकाशित अध्ययनमा दूधकोशी बेसिनमा १२ वटा सम्भावित खतरनाक हिमताल पहिचान गरिएको थियो । थप स्थलगत अध्ययनपछि केही ताललाई जोखिम सूचीबाट हटाउन सकिने र केहीको आकारमा खासै परिवर्तन नभएको पाइएको थियो भने केही ताल निरन्तर बढिरहेको उल्लेख थियो ।

सो अध्ययनले इम्जा छो, लुम्दिङ, वेस्ट चाम्जाङ, हङ्ग तथा ताम पोखरीलगायतका ताललाई विभिन्न तहमा अध्ययन तथा निगरानी गर्नुपर्ने देखाएको थियो । सन् २००९ को अध्ययनमा इम्जा छो तीव्र गतिमा विस्तार भइरहेका हिमतालमध्ये एक रहेको उल्लेख छ । इम्जा छोमा जोखिम न्यूनीकरणका कामसमेत भएका छन् । हिमतालको पानीको सतह घटाउने तथा जोखिम न्यूनीकरणका लागि संरचनात्मक काम गरिएको थियो । यसबाट जोखिम पहिचानपछि नियमित अध्ययन, निगरानी र आवश्यकताअनुसार जोखिम न्यूनीकरणका उपाय अपनाउन सकिने देखिन्छ । तर अबको प्रश्न एउटै तालमा गरिएको कामलाई अन्य सम्भावित जोखिमयुक्त क्षेत्रमा कसरी विस्तार गर्ने भन्ने हो।

**तथ्यांक अध्यावधिक गर्नुपर्ने प्रश्न**

हिमतालसम्बन्धी विभिन्न समयका अध्ययनमा तालको क्षेत्रफल र अवस्थाबारे फरक–फरक तथ्यांक भेटिन्छन् । यस्तो फरक देखिनुको कारण अध्ययनको वर्ष, प्रयोग गरिएको मापन विधि र तालको मौसमी अवस्थालगायत हुनसक्छ । इसिमोडको सन् २०२० को हिमताल सूचीकरणले पनि हिमताल पहिचानका लागि उपग्रह प्रविधि प्रयोग गरेको थियो । उक्त अध्ययनले तालको विशेषता, तालको बाँध, स्रोत हिमनदी तथा वरपरको भूआकृतिलाई आधार बनाएर सम्भावित खतरनाक हिमताल पहिचान गरेको थियो ।

यस कारण सोलुखुम्बुका हिमतालको जोखिम मूल्यांकनमा पुरानो सूचीलाई आधार मात्र बनाउनुको सट्टा नियमित स्याटलाइट मोनिटरिङ, आवश्यक स्थानमा स्थलगत अध्ययन, तालको पानीको मात्रा तथा बाँधको अवस्था र सम्भावित बाढीको मार्गको अद्यावधिक अध्ययन आवश्यक रहेको यस क्षेत्रका विज्ञहरूको सुझाव छ। जिल्लामा हिमतालजन्य बाढीको जोखिम बुझ्न विगतका घटना महत्त्वपूर्ण आधार हुन सक्ने खुम्बु पासाङ ल्हामु गाउँपालिका–४ का वडाध्यक्ष लक्ष्मण अधिकारीले बताउनुभयो ।

वडाध्यक्ष अधिकारीका अनुसार सन् १९८५ मा डिग छो हिमताल फुट्दा दूधकोशी क्षेत्रमा ठूलो बाढी आएको थियो । इसिमोडको पछिल्लो प्रतिवेदनले उक्त घटनाबाट नाम्चे जलविद्युत् आयोजनालगायतका संरचनामा क्षति पुगेको र आर्थिक क्षति भएको अभिलेख गरेको छ । थप अध्ययनपछि डिग छोको हालको अवस्था भने विगतको जस्तो उच्च जोखिमयुक्त नभएको निष्कर्षसमेत प्रकाशित भएको छ ।

**जोखिम बस्तीमा मात्र सीमित छैन**

हिमाली क्षेत्रमा हिमताल वा हिमपहिरोबाट उत्पन्न आकस्मिक बाढीको असर बस्तीमा मात्र सीमित हुँदैन । पदमार्ग, पुल, सडक, खानेपानी, विद्युत्, सञ्चार, विद्यालय, स्वास्थ्य संस्था तथा पर्यटनसँग सम्बन्धित संरचनासमेत प्रभावित हुन सक्ने खुम्बुका स्थानीय सोनाम दोर्जी शेर्पाको भनाइ छ । सन् २०२४ को थामे बाढीले घर तथा अन्य संरचनासँगै विद्यालय, स्वास्थ्यचौकी र होटलमा क्षति पुर्‍याएको इसिमोडको अध्ययनले देखाएको छ । उक्त घटनामा मानवीय क्षति हुनबाट बचैं पनि भौतिक संरचनामा ठूलो क्षति पुगेको तत्कालिन घटनाको उद्धारमा संलग्न प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेको अनुभव छ ।

"दिनको समयमा बाढी आएकाले उद्धार र मानिसलाई सुरक्षित स्थानमा लैजान सहज भयो । तर घटनाले हिमाली क्षेत्रमा यस्ता जोखिमका लागि पूर्वतयारी कति महत्त्वपूर्ण रहेछ भन्ने देखायो", प्रनाउ घिमिरेले भन्नुभयो । सोलुखुम्बुको अर्थतन्त्र पर्यटनसँग निकट रूपमा जोडिएकाले विपद् जोखिम व्यवस्थापनलाई मानवीय सुरक्षासँगै पर्यटन पूर्वाधार र स्थानीय अर्थतन्त्रको सुरक्षासँग पनि जोडेर हेर्नुपर्ने कीर्तिमानी सगरमाथा आरोही स्पिडकाजी शेर्पाको भनाइ छ । "पर्यटन क्षेत्रका पदमार्ग, पुल, होटल तथा अन्य संरचनाको जोखिम मूल्यांकन गरी आवश्यक सुरक्षा तथा पूर्वतयारीमा ध्यान दिनुपर्छ", उहाँले भन्नुभयो ।

**पूर्वसूचना प्रणालीमा थप सुधार**

थामे घटनापछि जल तथा मौसम विज्ञान विभागले तल्लो तटीय क्षेत्रमा पूर्वसूचना सन्देश पठाएको अनुभवले हिमाली क्षेत्रमा पूर्वसूचना प्रणालीको महत्व देखाएको छ । विभागका अनुसार प्रारम्भिक सूचना प्राप्त भएपछि थामेदेखि ओखलढुङ्गासम्मका तल्लो तटीय बस्तीमा करिब एक लाख ४२ हजार मानिसलाई मोबाइलमार्फत निःशुल्क पूर्वसूचना पठाइएको थियो। विपद्को जोखिम न्यूनीकरणका लागि सूचना समयमै पहिचान गरी जोखिममा रहेका समुदायसम्म तत्काल पुर्‍याउने र उनीहरूलाई सुरक्षित स्थानतर्फ जान सक्ने व्यवस्था आवश्यक हुन्छ ।

यही उद्देश्यले खुम्बुको थामेदेखि सुर्केसम्मको क्षेत्रमा करिब आठ स्थानमा पूर्वसूचना साइरन प्रणाली जडान गरिएको सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपीसीसी)का अध्यक्ष लामाकाजी शेर्पाले जानकारी दिनुभयो। उहाँका अनुसार करिब छ महिनाअघि जडान गरिएको उक्त प्रणालीले नदीको पानीको सतह खतराको तह पार गरेपछि एकैपटक सबै स्थानमा सतर्कता साइरन बजाउनेछ । साइरन बजेसँगै स्थानीय बासिन्दा तथा पर्यटकलाई सम्भावित जोखिमबारे तत्काल जानकारी प्राप्त हुने र सुरक्षित स्थानतर्फ जान पर्याप्त समय उपलब्ध हुने उहाँले बताउनुभयो ।

यता खुम्बु पासाङ ल्हामु गाउँपालिका–४ अन्तर्गत दिङ्बोचे, पाङ्बोचे र छुगिटागा लगायतका स्थानमा यसअघि नै बाढीको पूर्वसूचना दिन साइरन जडान गरिएका छन् तर ती उपकरण अहिले सञ्चालनमा छन् कि छैनन् भन्ने यकिन नभएको वडाध्यक्ष लक्ष्मण अधिकारीले बताउनुभयो । "मेरो वडाका तीन ठाउँमा धेरै वर्षअघि साइरन राखिएका हुन् । अहिले ती सञ्चालनमा छन् कि छैनन् भन्ने कुनै यकिन छैन । साइरन छ, तर त्यसको सक्रियता र अवस्थाबारे जानकारी छैन", उहाँले भन्नुभयो ।

वडा कार्यालयका अनुसार ती साइरन तत्कालीन इम्जा लेक लोअरिङ परियोजनाले जडान गरेको थियो तर त्यसपछि नियमित सञ्चालन, मर्मत तथा परीक्षण नभएकाले हाल ती उपकरण प्रयोगयोग्य अवस्थामा छन् वा छैनन् भन्ने स्पष्ट हुन सकेको छैन । खुम्बुको छुकुममा सन् २००७ मा आएको बाढीले ठूलो होटलसमेत बगाएको थियो । पछिल्ला वर्षमा सगरमाथा क्षेत्रका विभिन्न स्थानमा साना हिमताल तथा हिमनदी फुटेर आउने बाढीले पदमार्गमा बनाइएका काठे साँघु र पुल बगाउने घटना पनि दोहोरिँदै आएका छन् । यस्तो घटना खुम्बु क्षेत्रमा बर्सेनीजसो हुने सामान्य जोखिमका रूपमा स्थापित हुँदै गएको वडाध्यक्ष अधिकारीको भनाइ छ ।

**रसुवा घटनाले सिकाएको पाठ**

रसुवाको पछिल्लो घटनाले सोलुखुम्बुसहित हिमाली जिल्लालाई डराउनुभन्दा तयार रहनुपर्ने पाठ दिएको कीर्तिमानी सगरमाथा आरोही स्पीडकाजी शेर्पा बताउनुहुन्छ । रसुवामा भदौ १० गते आएको बाढीको कारणबारे अध्ययन जारी रहे पनि प्रारम्भिक विवरणले हिमपहिरो, नदी थुनिने र अचानक ठूलो पानीको बहाव आउनेजस्ता प्रक्रियाबाट हिमाली क्षेत्रमा आकस्मिक विपद् निम्त्याउन सक्ने देखाएको छ । नेपाल रेडक्रसको प्रारम्भिक विवरणमा समेत हिमपहिरोले लेन्दे खोला थुनेर अचानक पानीको बहाव बढेको हुनसक्ने उल्लेख छ ।

यसकारण अब हिमतालको जोखिम मूल्यांकन गर्दा ताल मात्र हेर्नेभन्दा त्यससँग जोडिएको हिमनदी, हिमपहिरो सम्भावित क्षेत्र, चट्टानी भू–भाग र नदी प्रणालीलाई समेत समेटेर अध्ययन गर्नुपर्ने मत आरोही शेर्पाको छ । पर्यटनविद् आङछिरिङ शेर्पा हिमाली जिल्लाले पुराना जोखिम सूचीलाई आधार बनाएर मात्र नबस्ने र पछिल्लो भू–उपग्रह तथ्यांक तथा स्थलगत अध्ययनका आधारमा जोखिमको पुनर्मूल्यांकन गर्नुपर्ने बताउनुहुन्छ।

"कुन तालको आकार परिवर्तन भएको छ, कुन क्षेत्रमा नयाँ ताल बनेका छन्, कुन तालको बाँध वा वरपरको भू–भागमा परिवर्तन आएको छ र कुन क्षेत्रमा सम्भावित असर बढी पर्न सक्छ भन्ने विषयमा नियमित अध्ययन आवश्यक छ", उहाँले भन्नुभयो । उहाँका अनुसार जोखिम नक्सा अद्यावधिक गर्ने, नदी तथा मौसम मापन केन्द्र विस्तार गर्ने, सम्भावित बाढीको मार्ग पहिचान गर्ने र स्थानीय समुदायलाई पूर्वसूचना प्राप्त भएपछि अपनाउनुपर्ने उपायबारे नियमित अभ्यास गराउनुपर्ने आवश्यकता छ ।

हिमाली क्षेत्रमा सबै प्राकृतिक विपद् रोक्न सम्भव नहुन सक्छ । तर जोखिमको पहिचान, नियमित निगरानी, सम्भावित असरको पूर्वानुमान, प्रभावकारी पूर्वसूचना र समुदायको तयारीबाट मानवीय तथा भौतिक क्षति भने घटाउन सकिने छुकुमका स्थानीय जानकार तेन्जिङ जाङ्बु शेर्पाको भनाइ छ । रसुवा र थामेले हिमाली जिल्लालाई दिएको मुख्य सन्देश विपद् आएपछि उद्धार र राहतमा केन्द्रित हुनुभन्दा विपद् आउनुअघि जोखिम बुझ्ने, निगरानी गर्ने र तयारी गर्ने प्रणालीलाई बलियो बनाउनु आवश्यक रहेको यस क्षेत्रका जानकारहरूको सुझाव छ । रासस


## शिक्षक आवश्यकता

*विद्यालयमा सूचना प्रकाशित मिति : २०८३/०५/२२*

देवघाट गाउँपालिकाको कार्यालय तनहुँको च.नं. २४८ मिति २०८३/०५/२२ को प्राप्त अनुमति पत्रानुसार यस विद्यालयमा निम्न माध्यमिक तह तृतीय श्रेणीको शिक्षण सहयोग अनुदान कार्यक्रम अन्तर्गत एक जना **गणित** विषय शिक्षक करारमा नियुक्त गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिनभित्र तपसिलमा उल्लेखित कागजात सहित रितपूर्वकको दरखास्त आव्हान गरिन्छ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन।

**तपसिल**

**विज्ञापन नं.** : ०१/२०८३/०८४
१) **पद** : निम्न माध्यमिक तह तृतीय श्रेणी (करार)
२) **विषय** : गणित ३) **आवश्यक संख्या** : १ (एक) जना
४) **शैक्षिक योग्यता:** सम्बन्धित विषयमा कक्षा १२ वा सोसरह उत्तीर्ण
५) **दरखास्त शुल्क** : १५००/- (एक हजार पाँच सय रूपैयाँ)
६) **तलब** : शिक्षण सहयोग अनुदान कार्यक्रम अनुसार
७) **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
८) **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, शिक्षण अनुमती पत्रको प्रतिलिपि, निरोगिताको प्रमाणपत्र ।
९) **परीक्षाको किसिम** : लिखित, मौखिक, आवश्यक भएमा प्रयोगात्मक
१०) **दरखास्त दिने अन्तिम मिति** : २०८३/०६/०५ गतेसम्म
११) **सम्पर्क मिति** : २०८३/०६/०५ गते विद्यालयमा समय भित्र ।
१२) **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।

प्रधानाध्यापक

**श्री लक्ष्मी आधारभूत विद्यालय**

देवघाट गाउँपालिका–२, खानीभित्ता, तनहुँ ।
सम्पर्क : ९८४४८६७०६८, ९८६३९५३४७३
Email: laxmibasic54@gmail.com


# शोकमा शक्ति ........

वृद्धिमा नेपालको योगदान अत्यन्त न्यून भए पनि यसको असर भने हिमाल, नदी, कृषि, पर्यटन र मानव जीवनमा गम्भीर रूपमा परेको छ । त्यसैले नेपाललाई दया होइन, न्याय चाहिएको छ ।

जलवायुजन्य विपद्बाट हुने क्षतिको क्षतिपूर्ति, अनुकूलनका लागि आवश्यक स्रोत र जोखिम न्यूनीकरणमा अन्तर्राष्ट्रिय सहयोगका विषयमा नेपालले एउटै राष्ट्रिय आवाज उठाउनुपर्छ । यसका लागि सत्तापक्ष र प्रतिपक्षबीच साझा धारणा आवश्यक छ । राष्ट्रिय स्वार्थका प्रश्नमा दलहरूबीचको मतभेदभन्दा माथि देशको हित हुनुपर्छ ।

विपद् कसैको राजनीतिक उपलब्धि बनाउने अवसर होइन। न त कसैको राजनीतिक असफलता प्रमाणित गर्ने मैदान नै हो। यो नागरिकको जीवन बचाउने घडी हो। अहिले कसैले राहतमा सहयोग गर्छ भने उसको राजनीतिक विचार नखोजौँ। कसैले उद्धार गर्छ भने उसको संगठन नखोजौँ। पहिले उसको मानवीय योगदानलाई सम्मान गरौँ ।

तर यसको अर्थ गलत कामलाई ढाकछोप गर्नु पनि होइन। गलत कामको आलोचना हुनुपर्छ। अनियमितता भए छानबिन हुनुपर्छ। राहतमा पक्षपात भए प्रश्न उठ्नुपर्छ। राज्य संयन्त्रले काम नगरे जवाफदेहिता खोजिनुपर्छ । तर अहिलेको आवश्यकता विरोधका लागि विरोध र समर्थनका लागि समर्थन होइन; सही कामको समर्थन र गलत कामको तथ्यपरक आलोचना हो ।

इतिहासले संकटको समयमा समाजको चरित्र पहिचान गर्छ। विपद् आउँदा को तमासा हेर्छ, को आलोचना मात्र गर्छ र को मैदानमा उत्रिएर हात थाम्छ– त्यहीँबाट समाजको वास्तविक शक्ति देखिन्छ ।

आज नेपाली समाज गहिरो पीडामा छ। हजारौँ परिवारको आँखामा आँसु छ। धेरैको घरमा चुलो बलेको छैन। धेरैका मनमा आफन्त फर्केर आउने आशा अझै बाँकी छ। यस्तो बेला हामीले एकअर्काको मनोबल बढाउनुपर्छ।

राजनीतिक दलहरूलाई पनि आग्रह छ– अहिले प्रतिस्पर्धा होइन, सहकार्यको समय हो। संघसंस्थाहरूलाई आग्रह छ–आफ्नो सामर्थ्यअनुसार सहयोगमा जुटौँ। नागरिकलाई आग्रह छ– सक्नेले सहयोग गरौँ, नसक्नेले सहयोगीहरूको मनोबल बढाऔँ । सरकारलाई पनि आग्रह छ– आलोचनालाई शत्रुता नठानौँ र सहयोगलाई राजनीतिक समर्थनको रूपमा नबुझौँ। सबै पक्षले आ–आफ्नो जिम्मेवारी पूरा गरौँ।

हामीले शोकलाई कमजोरी बन्न दिनु हुँदैन। यही शोकलाई राष्ट्रिय एकताको शक्तिमा बदल्नुपर्छ। यही पीडालाई विपद् व्यवस्थापन सुधारको संकल्पमा बदल्नुपर्छ । यही क्षतिलाई सुरक्षित भविष्य निर्माण गर्ने चेतावनीका रूपमा लिनुपर्छ ।

आज देशलाई विभाजन गर्ने आवाज होइन, जोड्ने आवाज चाहिएको छ। दोषारोपण होइन, समाधान चाहिएको छ। तमासा होइन, जिम्मेवारी चाहिएको छ। स्वार्थ होइन, राष्ट्रिय हित चाहिएको छ ।

त्यसैले राजनीतिक दलहरू, सामाजिक संघसंस्था, नागरिक समाज र आम नागरिक—विरोधमा होइन, राष्ट्रिय शोकलाई शक्तिमा बदल्ने एकताको सन्देश लिएर आऊ ।

*आऊ, पीडितको आँसु पुछ्न हात बढाऊ ।*
*आऊ, उद्धारमा जुटेकाहरूको मनोबल बन।*
*आऊ, संकटमा एकअर्काको शक्ति बन।*
*आऊ, आजका कमजोरीबाट भोलिको सुरक्षित नेपाल निर्माण गर्ने संकल्प गरौँ।*
*देश शोकमा छ।*
*तर यही शोकबाट शक्ति जन्माउन सकिन्छ ।*

*त्यसैले–शोकमा शक्ति बनेर आऊ ।*

www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com


## मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

**व्यास नगरपालिका-२, दमौली तनहुँ**

**फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८**

**सम्बन्धित बिरामीले विशेषज्ञ चिकित्सकद्वारा उपचार सेवा लिनुहोस**

**भदौ २७ गते शनिबार**



**प्रोफेसर डा. जय बहादुर खत्री**
**वरिष्ठ स्नायु, मानसिक, नशा तथा लागुऔषध रोग विशेषज्ञ**
(Manipal Teaching Hospital, Pokhara)

**स्वास्थ्य परीक्षण तथा उपचार गरिने प्रमुख रोगहरु र लक्षणहरु:**

**१. मानसिक स्वास्थ्य सम्बन्धी समस्या:**
- अत्यधिक तनाव, चिन्ता वा डर लाग्ने समस्या
- निद्रा नलाग्ने, बारम्बार झस्किने
- डिप्रेसन (अवसाद), एक्लोपन, निराशा
- अत्यधिक रिस उठ्ने वा आफैंलाई क्षति पुऱ्याउने सोच

**२. स्नायु (Neurology) सम्बन्धी समस्या:**
- झट्का लाग्ने (Epilepsy/Seizures)
- हातखुट्टा कमजोर वा चल्न नसक्ने - मस्तिष्क पक्षघात (Stroke)
- स्मरण शक्ति गुम्ने, बोली गडबड हुने
- पार्किन्सन, टाउको दुखाइ, चक्कर आदि

**३. नशा र लागुऔषध दुर्व्यसन सम्बन्धी समस्या:**
- मदिरा, चुरोट, गाँजा, ब्राउन सुगर, ट्याब्लेट आदिको लत
- नशा नपाउँदा बेचैनी, कम्पन, पसीना आउने
- नशा छोड्न कठिनाइ, बारम्बार प्रयत्न असफल हुने
- पुनःस्थापना र मनो–सामाजिक परामर्श आवश्यक पर्ने अवस्था
- समयमै जाँच गरौं, स्वस्थ मानसिकता र जीवनशैली अपनाऔं।
- शरीरको मात्र होइन, मनको पनि उपचार आवश्यक छ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा ।

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मिति: २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९


# जेनजी आन्दोलनको एक वर्ष : दराजमा थन्किए छानबिन प्रतिवेदन

कृष्ण ज्ञवाली/काठमाडौं

बालेन शाह प्रधानमन्त्रीमा नियुक्त भएर शपथ लिएको केही घण्टा नबित्दै १४ चैत, २०८२ को झिसमिसेमा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र तत्कालीन गृहमन्त्री रमेश लेखक पक्राउ परे । 'कर्तव्य ज्यान'को जाहेरीको अनुसन्धानको सिलसिलामा पक्राउ परेका उनीहरूमाथिको आरोप थियो, 'जेनजी आन्दोलनमा अत्यधिक बल प्रयोग गर्न निर्देशन दिएर किशोरकिशोरीहरूको हत्या गरेको ।'

करिव १३ दिन थुनामा परेपछि ओली र लेखक सर्वोच्च अदालतको आदेशबाट रिहा भए । त्यतिबेला अदालतले उनीहरूको थुनाको म्याद नथप्न आदेश दिएको थियो, तर उनीहरूमाथि अनुसन्धान नै नगर्नु भनेको थिएन । २६ चैतमा अनुसन्धान अधिकारी र सरकारी वकिलहरूले दुवैजनालाई हाजिरी जमानीमा छाडे।

यो पाँच महिनामा सरकारले उनीहरूमाथि थप के अनुसन्धान गऱ्यो? दुवैजना विरूद्ध प्रमाण जुट्यो कि जुटेन? प्रमाण नभेटिएको भए मुद्दा नचल्ने निर्णय किन भएन? यी प्रश्न अनुत्तरित छन् । दुई राजनीतिज्ञको सरूवा र केही प्रशासनिक कर्मचारीको कारबाही बाहेक आन्दोलन दमनको आरोप खेपेकाहरूमाथि कुनै पनि प्रकारको कारबाही अघि बढेको छैन ।

त्यतिमात्रै होइन, जेनजी आन्दोलन र त्यसपछिको निर्वाचनबाट बनेको सरकारले २३ भदौमा जनधनको क्षति हुने गरी भएको घटनामा मुलुकका तत्कालीन कार्यकारी प्रमुख र शान्तिसुरक्षाको प्रबन्ध गर्ने गृहमन्त्रीको संलग्नताको आरोपसहित अनुसन्धान अघि बढाएकोमा त्यसबारेको प्रगति सार्वजनिक गर्नु जरूरी देखेन । र, राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदनका बारेमा समेत सरकार त्यसैगरी मौन बसेको छ ।

अधिकारकर्मी चरण प्रसाई जेनजी आन्दोलनमाथिको दमनमा पनि त्यस्तै प्रवृत्ति दोहोरिएको ठान्छन् । 'आन्दोलनमा मानव अधिकार उल्लंघन र दमन भएको थियो भनेर प्रतिवेदनहरु सार्वजनिक भएको केही महिना बितिसकेको छ ।

यो सरकारले पनि मानवअधिकार उल्लंघनकर्ताहरूलाई कारबाही गर्न अग्रसरता देखाएन' अधिकारकर्मी प्रसाई भन्छन्, 'दण्डहीनता भन्ने कुरा सबै सत्ताधारीहरूका लागि प्रिय रहेछ, हाम्रो मुलुकमा जो सत्तामा आएपछि दण्डहीनतालाई प्रिय बनाएर राखे । सत्ताधारीहरूले नै यसलाई पाल्ने र हुर्काउने काम गरिरहेका छन् ।'

### भवितव्य, बल प्रयोग कि हत्या?

जेनजी आन्दोलन लगत्तै संसद् भवन अगाडी २१ जनाको ज्यान जानेगरी भएको घटनाका बारेमा नेपाली समाजमा तीन खालका धारणा सार्वजनिक भएका थिए । त्यतिबेला सत्तामा रहेकाहरूले संवेदनशील क्षेत्र (भाइटल इन्स्टलेसन)मा प्रवेश गर्न खोज्ने प्रदर्शनकारीहरूलाई त्यहाँ नियमित रूपमा तैनाथ प्रहरीको स्पेसल टास्क फोर्सले रोक्न खोज्ने क्रममा हताहती भएको दाबी गरेका थिए । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीमात्रै होइन कि सत्तामा रहेका, प्रशासनिक नेतृत्व गरेका र सुरक्षा अधिकारीहरूको पनि त्यही दाबी थियो । जाँचबुझ आयोग र अदालती जवाफका क्रममा उनीहरूले त्यही जवाफ दिने गरेका थिए ।

मानव अधिकारकर्मी एवं सरोकारवालाहरुले घटनालाई 'अस्वभाविक बल प्रयोगको नतिजा भनी विश्लेषण गरेका छन् । विभिन्न मानव अधिकारकर्मीहरूको अध्ययन प्रतिवेदनले समेत अस्वभाविक रूपमा घातक बल प्रयोगबाट हताहती भएको र त्यसमा संलग्नहरूलाई जवाफदेही बनाउनुपर्ने भनी आवाज उठाइरहेका थिए ।

तर आन्दोलनकारी र अहिलेको सत्तारूढ रास्वपाका नेताहरुले घटनालाई 'बल प्रयोग मात्रै नभई हत्या नै मान्नुपर्ने' माग गरिरहेका छन् । पूर्वन्यायाधीश गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले समेत घटनालाई 'सत्ताको नेतृत्वमा रहेकाहरूको लापरबाहीका कारण नागरिकको ज्यान गएको' निष्कर्ष सहित फौजदारी मुद्दा चलाउन सिफारिस गरेको थियो ।

प्रतिवेदनको त्यही निष्कर्षका आधारमा प्रधानमन्त्री पदको शपथ लिएको भोलिपल्ट नै प्रधानमन्त्री बालेन शाह, गृहमन्त्री सुदन गुरूङ लगायतले ओली र लेखकलाई पक्राउ गर्न निर्देशन दिएका थिए । ओली र लेखक पक्राउ परेर दुई सातापछि छुटेपनि उनीहरूमाथिको फौजदारी अनुसन्धान विचाराधीन अवस्थामा छ।

तर प्रहरीले त्यो घटनासँग जोडिएका अरू मानिसहरूसँग बयान



लिने, थप प्रमाण संकलन गर्ने, कागजात केलाउने लगायतका काम अघि बढाएको छैन । ओली र लेखक पक्राउयता अनुसन्धानको काम ठप्पजस्तै छ ।

जसले गर्दा २३ भदौको घटनामा मुछिएकाहरूको संलग्नता कति हो ? उनीहरूविरूद्ध कति प्रमाण पुग्छ ? र, कुन हदसम्म जिम्मेवार र जवाफदेही बनाउनुपर्ने हो भन्ने पाटो अनुत्तरित छ । जाँचबुझ आयोग र राष्ट्रिय मानव अधिकार आयोगले यसबारेमा अनुसन्धान गरेपनि बल प्रयोगमा संलग्नहरूको पहिचानदेखि उनीहरूको जवाफदेहिताका बारेमा विस्तृत विश्लेषण गरिएका दस्तावेजहरु सार्वजनिक रूपमा उपलब्ध छैनन् ।

पूर्वन्यायाधीश गौरीबहादुर कार्कीको नेतृत्वमा सरकारले गठन गरेको छानबिन आयोगमाथि शुरूदेखि नै 'पूर्वाग्रह प्रेरित भएर काम गरेको' आरोप लागिरहेको थियो । आयोगले पेश गरेको प्रतिवेदनमा आन्दोलन दमनमा संलग्नहरूमाथि फौजदारी अनुसन्धान अघि बढाउनुपर्ने र ज्यान मुद्दा नै चलाउनुपर्ने सिफारिस छ ।

गत फागुनको निर्वाचनपछि प्रतिवेदन सार्वजनिक भएयताको छ महिनाको अवधिमा सरकारले प्रतिवेदनमाथि एकपछि अर्को अध्ययन टोली बनाएपनि कार्यान्वयनमा भने सक्रियता देखाएको छैन । आन्दोलनमा दमन भएकै आधारमा तत्कालीन राजनीतिक नेतृत्वले कति र कुन हदसम्मको फौजदारी दायित्व बोक्नुपर्ने हो ? त्यसयता पर्याप्त बहस समेत भएको छैन ।

तत्कालीन प्रधानमन्त्री सुशीला कार्की नेतृत्वका सरकारले संघीय संसद् सचिवालयको पुस्तकालयमा पठाएर कार्की प्रतिवेदन सार्वजनिक गर्नुपर्ने जिम्मेवारी पुरा भएको ठान्यो। निर्वाचनपछिको प्रतिनिधिसभा र विभिन्न संसदीय समितिहरुले प्रतिवेदन अध्ययन र नीतिगत सुधारको विषयलाई एजेण्डा बनाएको देखिँदैन ।

गत १३ जेठमा राष्ट्रिय मानव अधिकार आयोगले जेनजी आन्दोलनमा भएको दमनबारे कतिपय पदाधिकारीहरूलाई विभागीय कारबाही गर्न सिफारिस गऱ्यो । आयोगले तत्कीलिन आईजीपी चन्द्रकुबेर खापुङ र हालका आईजीपी दानबहादुर कार्की, सशस्त्र प्रहरीका आईजीपी राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका तत्कालीन प्रमुख हुतराज थापा लगायतलाई जिम्मेवार ठहऱ्याएको हो ।

त्यसैगरी डीआईजी ओमविक्रम राणा, एसपी विश्व अधिकारी, सशस्त्र प्रहरीका आईजी नारायणदत्त पौडेल, एसपी जीवन केसी, राष्ट्रिय अनुसन्धान विभागका निर्देशक कृष्ण खनाल, काठमाडौंका सीडीओ छविलाल रिजालमाथि पनि मानवअधिकार उल्लंघनको आरोपमा अनुसन्धान गर्नु भनेको थियो । यीमध्ये केही प्रमुख जिम्मेवारीमा छन् भने केहीलाई अन्यत्र सरूवा गरेको सरकारले त्यो बाहेक अरू कारबाही अघि बढाएको छैन ।

मानव अधिकारकर्मी चरण प्रसाई २०४६ र २०६२/६३ सालको जनआन्दोलनमा दमन प्रत्यक्षत देखेका व्यक्ति हुन् । उनले दमनमात्रै देखेनन्, दमनकर्ताहरूलाई कारबाहीको सिफारिस भएका प्रतिवेदनहरु र उनीहरूले उन्मुक्ति पाएको तितो विगत पनि देखे। पूर्वन्यायाधीश जनार्दनलाल मल्लिकको नेतृत्वमा २०४६ सालको दमनमाथि जाँचबुझ भयो । मल्लिक आयोगको नामले चिनिने आयोगको प्रतिवेदन कार्यान्वयन हुन सकेन । २०६२/६३ को जनआन्दोलन दमनमाथि छानबिन गर्न अर्का पूर्वन्यायाधीश कृष्णजंग रायमाझीको नेतृत्वमा आयोग बन्यो, त्यसको प्रतिवेदन समेत कार्यान्वयन भएन ।

मधेश आन्दोलनमा भएको दमनदेखि टीकापुर घटना र संक्रमणकालीन न्यायका लागि बनेका आयोगहरु कि त काम गर्न पाएनन्, काम गरेको भएपनि सिफारिस सहितका प्रतिवेदनहरु अलपत्र परे ।

'हिजोका आन्दोलनमा सहभागी हुनेहरु सडकमा निस्केबापत दमन खेपे र कतिपयले ज्यान गुमाए । त्यसपछि सत्तामा आउनेहरुले उनीहरुको त्यागलाई भुले, दोषीहरूमाथि कारबाही गर्न सकेनन्' अधिकारकर्मी प्रसाई भन्छन्, '२०४६ सालदेखि यस्तै हुँदै आएको छ । यो संस्कार लोकतन्त्रका लागि राम्रो संकेत होइन ।'

### खै विध्वंशमाथिको अनुसन्धान र खबरदारी ?

२३ भदौमा अत्यधिक बल प्रयोग र नागरिकको हताहतीपछि २४ भदौमा विभिन्न दलका नेताहरूको निवास, प्रहरी चौकी, विभिन्न सरकारी निकायहरूमाथि आगजनी र आक्रमण भयो । यी मध्ये कति आक्रोशको प्रतिक्रिया हुन् ? कति प्रतिशोध हुन् र कति ठाँउमा योजनावद्ध र संगठित समूहको संलग्नता थियो भन्नेबारे स्पष्ट अनुसन्धान र संलग्नहरूको किटान हुन सकेको छैन ।

खासगरी भदौ २४ को घटनामा सुरक्षाकर्मीहरुमाथि सांघातिक आक्रमण गर्ने केही सीमित व्यक्ति बाहेक अरूमाथि कारबाही हुन सकेन। सिंहदरबार, सर्वोच्च अदालत लगायत अन्य निकायमा आगजनी गर्ने र कागजात नष्ट गर्नेहरुमाथिको अनुसन्धानले गति लिन सकेन ।

सार्वजनिक निकायमाथि आक्रमण गर्ने केहीलाई पक्राउ गरेर मुद्दा चलाइएपनि त्यो भन्दा सांघातिक प्रकृतिको अरू घटनाका संलग्नहरूले उन्मुक्ति पाएका छन् । २४ भदौकै घटनाबारे के गर्ने भन्नेबारे तत्कालीन अन्तरिम सरकारले नै स्पष्ट नीति लिन सकेन । सरकारले नै कार्की आयोगलाई भोलिपल्टको घटनामा अनुसन्धान गर्ने जिम्मेवारी दियो, तर आयोग २४ भदौको घटनामा 'सघन र विस्तृत रूपमा थप अनुसन्धान हुनुपर्ने' भनी आफ्नो कार्यादेशबाट उम्कियो । बालेन शाह नेतृत्वको सरकार बनेयता २४ भदौको घटनाको अनुसन्धान र कारबाहीलाई प्राथमिकतामा राखेको छैन ।

जेनजी अधिकारकर्मी रक्षा बम आफ्ना प्रश्नहरूको जवाफ माग्दा बारम्बार जनताले जीवनको आहुति दिनुपरेको अवस्था अन्त्य हुनुपर्ने बताउँछिन् । सरकार जिम्मेवार र जवाफदेही नहुञ्जेल प्रश्नको बदलामा ज्यान जाने श्रृंखला नरोकिने भन्दै उनी थप्छिन्, 'कुनै पनि सत्ता जनताको जीवनभन्दा मूल्यवान् हुन सक्दैन ।'

शासनमा बस्नेहरुले दण्डहीनतालाई स्विकार गर्दा नै ज्यादा लाभ देख्ने भएकाले कारबाहीको विषयले प्राथमिकता नपाएको निष्कर्ष निकाल्ने अधिकारकर्मी प्रसाईं राजनीतिक इच्छाशक्तिको अभावलाई नै दण्डहीनताको प्रमुख कारण मान्छन्। 'सत्तामा जानेहरूले आफूभन्दा अघिल्ला शासकहरुको खराब संस्कारलाई 'अपुताली (हकवालाको अवसानपछि उत्तराधिकारीले उपभोग गर्ने सम्पत्ति)' स्याहारे सरह सम्हालेर राखेका छन्' अधिकारकर्मी प्रसाईं भन्छन्, 'नेपालको राजनीतिकमा नियमित संस्कार जस्तो भइसकेको दण्डहिनता जेनजी आन्दोलनपछि पनि दोहोरियो ।' अनलाइनखबरबाट



**बाबाजी**
x.com/baabajee

विद्यार्थीहरूको जेन्यूइन मागलाई स्वार्थ समूहले लुटेको दिन!
शान्तिपूर्ण आन्दोलनमा हिंसा घुसेको दिन! ट्यांकरको पानीको सट्टा मोलोतोभ ककटेलले सडक भिजेको दिन!
दोहोरो स्वार्थमा सोझा नानिबाबुहरूको ज्यान गएको दिन!
हजुरबाहरूको सुझबुझपूर्ण निर्णय नआउँदा नातिपुस्ताले मात्र होइन, देशले नै दुःख पाएको दिन!
अब फेरि त्यस्तो कहिल्यै नहोस्!
सबैको बुद्धि फिरोस!



**Tanka Khanal**
x.com/TASIBO

ग्लोबल वार्मिंग र जलवायु परिवर्तनले कतिपय मुलुकको अस्तित्व नै समाप्तहुने अवस्था आउदैछ... हिमालयको काखमा रहेको हाम्रो मुलुक त यो खतराको पहिलो पिडित राष्ट्र बन्ने पक्का देखियो। अरूको विकास हाम्रो विनाश ??

# कृष्णभिरको विकल्पमा गोरखामा सडक स्तरोन्नति

भञ्ज्याङ समाचारदाता/गोरखा

पृथ्वी राजमार्गअन्तर्गत कृष्णभिर र जोगिमारामा पहिरोका कारण सडक अवरूद्ध हुने जोखिम बढेपछि त्यसको विकल्पका रूपमा त्रिशूली नदीको पारिपट्टि गोरखातर्फको करिब १९ किलोमिटर सडक स्तरोन्नतिको काम सुरू गरिएको छ । गण्डकी गाउँपालिका-६ पल्लोटारदेखि वडा नम्बर ८ सिउरेनीटारसम्म जोड्ने पल्लोटार-कौदी-सिउरेनीटार सडकलाई तत्काल सञ्चालनमा ल्याउने उद्देश्यले बिहीबारदेखि स्तरोन्नतिको काम थालिएको हो ।

पृथ्वी राजमार्गको कृष्णभिर क्षेत्रमा वर्षेनि पहिरो खस्दा यातायात



प्रभावित हुँदै आएको छ। राजमार्ग अवरूद्ध हुँदा यात्रु तथा मालवाहक सवारीसाधनले लामो समयसम्म सास्ती खेप्नुपर्ने अवस्थालाई मध्यनजर गर्दै उक्त सडकलाई वैकल्पिक मार्गका रूपमा विकास गर्न लागिएको गण्डकी गाउँपालिकाका अध्यक्ष दीपक तिमेल्सनाले बताए । उनका अनुसार गण्डकी गाउँपालिका-६ को गढाई, पल्लोटार, कौदी हुँदै बेनीघाट निस्कने करिब १९ किलोमिटर सडक तत्काल सवारी सञ्चालन गर्न मिल्ने गरी स्तरोन्नति गर्न चारवटा मेसिन परिचालन गरिएको छ ।

"राजमार्गको पारिपट्टि सबैभन्दा बढी क्षति पुगेको कृष्णभिर र जोगिमारामा पहिरोको समस्या छ," अध्यक्ष तिमेल्सनाले भने, "त्यसैले राजमार्गको विकल्पका रूपमा गोरखातर्फको यो सडक उपयुक्त हुन्छ। हप्ता-दश दिनभित्र गाडी चल्ने गरी काम अघि बढाएका छौं।"

यस सडकको ज्यामिरेघाटदेखि सिउरेनीटारसम्मको करिब १० किलोमिटर खण्ड कालोपत्रका लागि ठेक्का लागिसकेको छ। केन्द्र र प्रदेश सरकारको समपूरक बजेटबाट दुई लेनको सडक निर्माण गर्ने गरी ठेक्का भए पनि निर्माण कम्पनीले काममा ढिलाइ गर्दा अपेक्षित प्रगति हुन नसकेको अध्यक्ष तिमेल्सेनाले बताए ।

गोरखा सडक योजना कार्यालयका प्रमुख विनोद पुनले पनि पल्लोटार-सिउरेनीटार सडक कृष्णभिरको पहिरो छल्ने उपयुक्त वैकल्पिक मार्गमध्ये एक भएको बताउनुभयो। अहिले तत्काल ट्र्याक खोल्ने तथा सडक स्तरोन्नति गर्ने काम भइरहेको उनले जानकारी दिए । "यथाशीघ्र सञ्चालनमा ल्याउने गरी काम गरिरहेका छौं," प्रमुख पुनले भने, "दीर्घकालीन रूपमा यसलाई कालोपत्र गरी पृथ्वी राजमार्गको वैकल्पिक सडकका रूपमा विकास गर्न सकिन्छ ।"

करिब १.४ किलोमिटर क्षेत्रमा नयाँ ट्र्याक खोल्नुपर्ने र उक्त क्षेत्रमा कडा चट्टान रहेकाले काम चुनौतीपूर्ण भए पनि आवश्यक उपकरण परिचालन गरी कामलाई तीव्रता दिइएको कार्यालयले जनाएको छ । सडक सञ्चालनमा आएमा पृथ्वी राजमार्गको कृष्णभिर तथा जोगिमारा क्षेत्रमा पहिरोका कारण यातायात अवरूद्ध हुने अवस्थामा यात्रु तथा मालवाहक सवारीसाधनलाई वैकल्पिक मार्ग उपलब्ध हुनेछ। दीर्घकालीन रूपमा सडक कालोपत्र गरी व्यवस्थित वैकल्पिक मार्गका रूपमा विकास गर्न सके पृथ्वी राजमार्गको यातायात व्यवस्थापनमा समेत महत्वपूर्ण सहयोग पुग्ने अपेक्षा गरिएको छ।

उपभोक्ताहरूले खाद्य वस्तु खरिद गर्दा खाद्य पदार्थको बाहिरी आवारणको लेवलमा खुलाउनु पर्ने अनिवार्य मापदण्ड (उत्पादन मिति, उपभोग्य मिति, ब्याच नम्बर, तौल/आयतन, उद्योगको पुरा नाम ठेगाना) हेरेर मात्र खरिद गरौं ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४